# प्रेस विज्ञप्ति- २६९

# Press Release- 26९

लागू औषध नियन्त्रण व्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ।
मिति: २०७६।०८।२२ गते।

## लागू औषध बनाउने रसायन ईफेड्रिन (EPHEDRINE) ४ किलो २०० ग्राम सहित १ जना चाईनिज नागरिक पक्राउ।

विशेष सूचनाको आधारमा लागू औषध नियन्त्रण व्यूरोबाट खटिएको प्रहरी टोलीले विगत लामो समय देखिको सूचना संकलन, बिश्लेषण एवं निगरानी पश्चात **मिति २०७६।०८।२० गते चाईनिज नागरिक राहदानी नं. E 73905837 वाहक वर्ष ३१ को ZHANG CHAO** ले काठमाण्डौ का.म.न.पा.वडा नं.१६ स्थित एक कार्गोबाट न्युजिल्याण्ड पठाउन भनि ल्याएको निलो रङको कागजको डिब्बामा भित्र रंगिन चित्र रहेको १० वटा संकास्पद काठको फ्रेम शंका लागि चेक-जाच गर्दा उक्त फ्रेममा फल्स बटम बनाई लुकाई-छिपाई राखिएको अवस्थामा **लागू औषध बनाउने सहायक रसायन ईफेड्रिन (EPHEDRINE) ४ किलो २०० ग्राम** फेला पारी पासपोर्ट नं. E 73905837 वाहक वर्ष ३१ को ZHANG CHAO लाई पक्राउ गरिएको छ।

न्युजिल्याण्ड पठाउन लागिएको ईफेड्रिन, लागू औषध Amphetamine (Meth/Yaba) बनाउन प्रयोग गरिने र निजले उक्त **ईफेड्रिन चीनमा नेपाली मुल्य अन्दाजी २ लाख २५ हजार** बराबरमा खरिद गरेको र **न्युजिल्याण्ड पठाउँदा उक्त ईफेड्रिनको मुल्य अ. रू ५० लाख** बराबरको हुन आउने प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ।

**नोट:-** यस पूर्व पनि यस्तै प्रकारको **स्यूडोइफ्रेड्रिन ट्याब्लेट 471.88 k.g सहित आर्य फर्मा सिटिकल्सका संचालकलाई मिति २०७३।०४।१२ गते** यस ब्यूरोले पक्राउ गरी कानूनी कारवाही अगाडि बढाएको थियो।

निज चिनिया नागरीक ZHANG CHAO उपर यस व्यूरोबाट लागू औषध नियन्त्रण ऐन, २०३३ बमोजिम मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान भईरहेको व्यहोरा जानकारीका लागि अनुरोध।

●●●

Contact no.: 014601048, email: ncbnepal@gmail.com Web: https://ncb.nepalpolice.gov.np/, https://www.facebook.com/ncb.nepol


Narcotics Control Bureau






चाईनिज नागरिक राहदानी-E73905837
ZHANG CHAO
बाबु-ZHANG XIAO MING
मुद्दा- ला.औ. ईफिड्रिन।
वतन- सिचुवान प्रान्त चाईना।




EPHEDRINE